संघीय संसद
प्रतिनिधि सभा
सातौं अधिवेशन
बैठक संख्या - २

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७७ साल फागुन २६ गते बुधबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा दिनको १:२५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय सभामुखले प्रतिनिधि सभा सदस्यहरु सानु शिवा र सूर्यबहादुर के.सी., संविधान सभा सदस्यहरु मानपुर चौधरी र भिमप्रसाद गौतम एवं पूर्व सदस्यहरु मेजर दीपकबहादुर गुरुङ्ग, डा. राममान श्रेष्ठ, विरबहादुर लामा, ओमकारप्रसाद गौचन, इन्द्रहाङ्ग लिम्बु, कमानसिं लामा, गंगादत्त जोशी, एकनाथ रानाभाट, कुवेरप्रसाद शर्मा र डा. शंकरप्रसाद उप्रेतीको निधन भएकोमा निम्नलिखित शोक प्रस्तावहरु प्रस्तुत गर्नुहुँदा सभाबाट पारित भयो ।

शोक प्रस्ताव

(क) "प्रतिनिधि सभाको यो बैठक २०७४ सालको प्रतिनिधि सभा सदस्य निर्वाचनमा नेपाल कम्युनिष्ट पार्टी (ने क पा) बाट समानुपातिक सदस्यमा निर्वाचित सानु सिवाको ५८ वर्षको उमेरमा मिति २०७७ साल असोज २८ गते बुधबार सिनामंगलस्थित काठमाडौं शिक्षण अस्पतालमा मृगौला र मुटु रोगको उपचारको क्रममा असामयिक निधन भएकोमा उहाँको निधनप्रति शोक प्रकट गरी श्रद्धाञ्जली अर्पण गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ । "

(ख) "प्रतिनिधि सभाको यो बैठक २०७४ सालको प्रतिनिधि सभा सदस्य निर्वाचनमा नेपाली काँग्रेस पार्टीबाट समानुपातिक सदस्यमा निर्वाचित, २०६४ सालको संविधानसभा सदस्य, प्रसिद्ध उद्योगपति, शालिन एवं भद्र व्यक्तित्वको रुपमा परिचित सूर्यबहादुर के.सी. को ६३ वर्षको उमेरमा मिति २०७७ साल कार्तिक १७ गते सोमबार असामयिक निधन भएकोमा उहाँको निधनप्रति शोक प्रकट गरी श्रद्धाञ्जली अर्पण गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ ।"

(ग) "प्रतिनिधि सभाको यो बैठक २०५८ सालमा राष्ट्रिय सभा सदस्यमा नेपाली काँग्रेस पार्टीबाट निर्वाचित मेजर दिपकबहादुर गुरुङको ८४ वर्षको उमेरमा मिति २०७७ साल साउन २ गते शुक्रबार थापाथलीस्थित नर्भिक अस्पतालमा उपचारको क्रममा असामयिक निधन भएकोमा उहाँको निधनप्रति शोक प्रकट गरी श्रद्धाञ्जली अर्पण गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ ।"

(घ) "प्रतिनिधि सभाको यो बैठक तत्कालिन नेकपा एमाले पार्टीबाट २०५४ सालमा राष्ट्रिय सभा सदस्यमा निर्वाचित र २०६३-०६४ मा अन्तरिम व्यवस्थापिका-संसद सदस्य डा. राममान श्रेष्ठको ८० वर्षको उमेरमा मिति २०७७ साल असोज ३० गते शुक्रबार असामयिक निधन भएकोमा उहाँको निधनप्रति शोक प्रकट गरी श्रद्धाञ्जली अर्पण गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ ।"

(ङ) "प्रतिनिधि सभाको यो बैठक २०७० सालको संविधान सभा निर्वाचनमा नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बाट निर्वाचित सदस्य मानपुर चौधरीको ५९ वर्षको उमेरमा मिति २०७७ साल कार्तिक ११ गते मंगलबार असामयिक निधन भएकोमा उहाँको निधनप्रति शोक प्रकट गरी श्रद्धाञ्जली अर्पण गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ ।"

(च) "प्रतिनिधि सभाको यो बैठक २०५६ सालको प्रतिनिधि सभा सदस्य निर्वाचनमा तत्कालिन नेकपा एमाले पार्टीको तर्फबाट मकवानपुर जिल्ला क्षेत्र नं. ३ बाट निर्वाचित एवं २०६३-०६४ मा अन्तरिम व्यवस्थापिका-संसद सदस्य वीरबहादुर लामाको ७० वर्षको उमेरमा मिति २०७७ साल कार्तिक २३ गते आइतबार असामयिक निधन भएकोमा उहाँको निधनप्रति शोक प्रकट गरी श्रद्धाञ्जली अर्पण गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ ।"

(छ) "प्रतिनिधि सभाको यो बैठक २०४८ सालमा बाग्लुङ्ग जिल्ला क्षेत्र नं. ३ बाट प्रतिनिधि सभा सदस्यमा नेपाली काँग्रेस पार्टीबाट निर्वाचित, सामाजिक एवं विकास कार्यहरुमा सक्रिय पूर्व राज्यमन्त्री ओमकारप्रसाद गौचनको ८५ वर्षको उमेरमा मिति २०७७ साल कार्तिक २६ गते बुधबार असामयिक निधन भएकोमा उहाँको निधनप्रति शोक प्रकट गरी श्रद्धाञ्जली अर्पण गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ ।"

(ज) "प्रतिनिधि सभाको यो बैठक २०४८ सालमा राष्ट्रिय सभा सदस्यमा नेपाली काँग्रेस पार्टीबाट निर्वाचित, राजनीतिक एवं सामाजिक कार्यमा समेत अग्रसर इन्द्रहाङ्ग लिम्बुको ९२ वर्षको उमेरमा मिति २०७७ साल कार्तिक २७ गते बिहीबार असामयिक निधन भएकोमा उहाँको निधनप्रति शोक प्रकट गरी श्रद्धाञ्जली अर्पण गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ ।"

(झ) "प्रतिनिधि सभाको यो बैठक २०६४ सालको संविधान सभा निर्वाचनमा नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बाट निर्वाचित सदस्य भिमप्रसाद गौतमको ७१ वर्षको उमेरमा मिति २०७७ साल कार्तिक २७ गते विहीबार असामयिक निधन भएकोमा उहाँको निधनप्रति शोक प्रकट गरी श्रद्धाञ्जली अर्पण गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ ।"

(ञ) "प्रतिनिधि सभाको यो बैठक २०६३-०६४ मा अन्तरिम व्यवस्थापिका-संसदमा नेपाल कम्युनिष्ट पार्टीबाट निर्वाचित सदस्य एवं दक्षिण कोरियाका पूर्व राजदुत कमानसिं लामाको ६९ वर्षको उमेरमा मिति २०७७ साल मंसिर २० गते शनिबार कोरोना भाइरसको संक्रमणबाट असामयिक निधन भएकोमा उहाँको निधनप्रति शोक प्रकट गरी श्रद्धाञ्जली अर्पण गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ ।"

(ट) "प्रतिनिधि सभाको यो बैठक २०५४ सालमा नेपाली काँग्रेसबाट राष्ट्रिय सभा सदस्यमा निर्वाचित गंगादत्त जोशीको ८५ वर्षको उमेरमा मिति २०७७ साल माघ २८ गते बुधबार कञ्चनपुरको महेन्द्रनगरमा असामयिक निधन भएकोमा उहाँको निधनप्रति शोक प्रकट गरी श्रद्धाञ्जली अर्पण गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ ।"

(ठ) "प्रतिनिधि सभाको यो बैठक २०५६ सालको प्रतिनिधि सभा निर्वाचनमा नेपाली काँग्रेस पार्टीको तर्फबाट चितवन जिल्ला क्षेत्र नं २ बाट निर्वाचित सदस्य एकनाथ रानाभाटको ६६ वर्षको उमेरमा मिति २०७७ साल फाल्गुन १० गते सोमबार असामयिक निधन भएकोमा उहाँको निधनप्रति शोक प्रकट गरी श्रद्धाञ्जली अर्पण गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ ।"

(ड) "प्रतिनिधि सभाको यो बैठक २०४८ सालको प्रतिनिधि सभा निर्वाचनमा नेपाली काँग्रेस पार्टीको तर्फबाट सप्तरी जिल्ला क्षेत्र नं ४ बाट निर्वाचित सदस्य एवं पूर्व सँस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री कुबेरप्रसाद शर्माको ८३ वर्षको उमेरमा मिति २०७७ साल फाल्गुन १४ गते शुक्रबार असामयिक निधन भएकोमा उहाँको निधनप्रति शोक प्रकट गरी श्रद्धाञ्जली अर्पण गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ ।"

(ढ) "प्रतिनिधि सभाको यो बैठक २०५० सालमा नेपाली काँग्रेस पार्टीको तर्फबाट राष्ट्रिय सभा सदस्यमा निर्वाचित डा. शंकरप्रसाद उप्रेतीको ८६ वर्षको उमेरमा मिति २०७७ साल फागुन १५ गते शनिबार असामयिक निधन भएकोमा उहाँको निधनप्रति शोक प्रकट गरी श्रद्धाञ्जली अर्पण गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ ।"

तदुपरान्त स्वर्गीय प्रतिनिधि सभा सदस्यहरु सानु शिवा र सूर्यबहादुर के.सी., संविधान सभा सदस्यहरु मानपुर चौधरी र भिमप्रसाद गौतम एवं पूर्व सदस्यहरु मेजर दीपकबहादुर गुरुङ्ग, डा. राममान श्रेष्ठ, विरबहादुर लामा, ओमकारप्रसाद गौचन, इन्द्रहाङ्ग लिम्बु, कमानसिं लामा, गंगादत्त जोशी, एकनाथ रानाभाट, कुवेरप्रसाद शर्मा र डा. शंकरप्रसाद उप्रेतीको निधनप्रति सभाले शोक व्यक्त गर्न उठेर १ मिनेट मौन धारण गऱ्यो ।

तदुपरान्त बैठक २०७७ साल चैत ३ गते मंगलबार दिनको १:०० बजे बस्नेगरी दिनको १:३५ बजे स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव